May 07, 2026

National News

प्रमुख समाचार

१. भारतले अपरेशन सिन्दूरको क्रममा पाकिस्तानलाई उचित जवाफ दिएको विदेश मन्त्रालयको भनाइ

२. भारतीय विदेशमन्त्री र सुरिनामका विदेशमन्त्रीबीच भेटवार्ता

३. विधानसभा चुनावको समयमा लागू भएको आदर्श आचरसंहिता हटाइयो

४. भारत र भियतनामका प्रतिनिधिहरूबीच गोलमेच बैठक आयोजित

५. आईपीएल क्रिकेटमा आज लखनऊ सुपर जायन्ट्स र रोयल च्यालेन्जर्स बेंग्लोर भिड्दै

## Foreign Ministry-Jaiswal

विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले आज नयाँ दिल्लीमा भारतले अपरेशन सिन्दूरका क्रममा सीमापार आतङ्कवादलाई प्रायोजन गरेकामा पाकिस्तानलाई उचित जवाफ दिएको बताउनुभयो। साथै, उहाँले भारतलाई आतङ्कवादविरुद्ध आफ्नो रक्षा गर्ने पूर्ण अधिकार रहेको र यसले आतङ्कवाद विरुद्धको विश्वव्यापी लडाइँलाई बनाउन बनाउन काम गरिरहेको जानकारी दिनुभयो। बंगलादेशी घुसपैठीहरूका सन्दर्भमा, श्री जयसवालले देशमा अवैध रूपमा बसोबास गर्ने कुनै पनि विदेशी नागरिकलाई देशको कानुन, प्रक्रिया र प्रणाली अनुसार देश निकाला गरिनुपर्ने बताउनुभयो। त्यसैगरी, क्यानाडामा खालिस्तानी समूहहरूका सन्दर्भमा, प्रवक्ताले भारतले क्यानाडालाई भारतविरोधी अतिवादी तत्वहरूविरुद्ध प्रभावकारी कारबाही गर्न बारम्बार आग्रह गरेको जानकारी दिनुभयो।

## Jaysankar-Surinam

विदेशमन्त्री डा. एस. जयशंकरले पारामारिबोमा सुरिनामका विदेशमन्त्री मेल्भिन बाउवासँग द्विपक्षीय वार्ता गर्नुभयो। दुई देशका प्रतिनिधिमण्डलहरूले नवौँ संयुक्त आयोग बैठक अन्तर्गत भारत-सुरिनाम सम्बन्धको विस्तृत समीक्षा गरे। वार्तामा व्यापार, लगानी, रक्षा, ऊर्जा, विकास सहयोग, स्वास्थ्य, क्षमता निर्माण, संस्कृति र जनता-जनताबीचको

सम्पर्क जस्ता मुद्दाहरू समेटिएका थिए। बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै डा. जयशंकरले भारत-सुरिनाम सम्बन्ध सशक्त जनता-जनताबीचको सम्बन्धमा आधारित रहेको र दुवै देशले त्यसलाई अझ बलियो बनाउन काम गरिरहेको बताउनुभयो।

## ECI-Code of Conduct

असम, पश्चिम बंगाल, तमिलनाडु, केरला, पुडुचेरी र अन्य राज्यहरूमा सम्पन्न विधानसभा उपचुनावको समयमा लागू भएको आदर्श आचारसंहिता हटाइएको छ। केन्द्रीय क्याबिनेट सचिव, राज्यका मुख्य सचिवहरू र मुख्य निर्वाचन अधिकारीहरूलाई पठाइएको पत्रमा निर्वाचन आयोगले यी राज्यहरू र केन्द्र शासित प्रदेशहरूमा भएको विधानसभा चुनावको नतिजा घोषणा भएसँगै तत्काल लागू हुने गरी आदर्श आचारसंहिता समाप्त भएको बताएको छ। आयोगले पश्चिम बंगालको फाल्टा विधानसभा क्षेत्रमा पुन: मतदान हुने भएकाले त्यहाँ आदर्श आचारसंहिता लागू रहने बताएको छ। फाल्टामा मे २१ मा मतदान र मे २४ मा मतगणना हुनेछ।

## Maha-Viet Meeting

भारत र भियतनामबीचको द्विपक्षीय सहयोगलाई सुदृढ पार्ने उद्देश्यले, अखिल भारतीय उद्योग संघ र एम. विश्वेश्वरय्या औद्योगिक अनुसन्धान तथा विकास केन्द्र-ले हो ची मिन्ह सिटी-को प्रतिनिधिमण्डलसँग व्यापार र लगानीका अवसरहरूबारे छलफल गर्न गोलमेच बैठकको आयोजना गरे। बैठकमा महाराष्ट्रका अर्थ राज्यमन्त्री आशिष जयसवालले महाराष्ट्रको शक्ति यसको अतुलनीय पूर्वाधार सुविधाहरू र निर्बाध रसद जडानमा निहित रहेको बताउनभयो। त्यसैगरी, हो ची मिन्ह सिटी पिपुल्स कमिटी-का स्थायी उपाध्यक्ष गुयेन लोक हा-ले हो ची मिन्ह सिटी र मुम्बईले रसद पूर्वाधार, शहरी कनेक्टिभिटी, मेगासिटी गभर्नेन्स, स्मार्ट यातायात, दिगो ऊर्जा, फोहोर व्यवस्थापन, स्वास्थ्य सेवा, शिक्षा, पर्यटन र प्रकोप रोकथाम जस्ता क्षेत्रहरूमा सहकार्यलाई बलियो बनाउन सक्ने बताउनुभयो।

## Vietnam Prez-Mumbai

भियतनामका राष्ट्रपति तो लामले आज मुम्बईस्थित राष्ट्रिय स्टक एक्सचेन्जको भ्रमण गर्नुभयो। यस अवसरमा राष्ट्रपति लामले भारतको शेयर बजारको सबलताको प्रशंसा गर्नुभयो। राष्ट्रपति तो लामले आज महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीसलाई भेट गर्नका साथै दुवै नेताले व्यापारिक मञ्चलाई सम्बोधन पनि गर्नुहुनेछ। यसपछि राष्ट्रपति तो लामले महाराष्ट्रका राज्यपाल जिष्णुम देव वर्मालाई भेट्नुहुनेछ। राज्यपालले श्री तो लामको सम्मानमा भोजको आयोजना गर्नुहुनेछ।

Shivajar Singh

कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले लखनऊमा आयोजित फ्रुट होराइजन-२०२६ सम्मेलन-को उद्घाटन सत्रमा बोल्दै, भारतलाई विकसित राष्ट्र बनाउन किसानहरूको विकास आवश्यक रहेको बताउनभयो। उहाँले निर्यात बढाउन बागवानी क्षेत्रका सबै पक्षमा ध्यान केन्द्रित गर्न विशेष कार्यदल गठन गरिने जनाकारी दिनुभयो। उहाँले भारतले हाल लगभग १ हजार १२९ लाख मेट्रिक टन फलफूल उत्पादन गरिरहेको र लगभग १४ लाख मेट्रिक टन फलफूल निर्यात गरिरहेको बताउनुभयो।

Goyal Meeting

वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले आज नयाँ दिल्लीमा एक बैठकको अध्यक्षता गर्नुभयो। बैठकले विश्व बजारमा भारतीय कृषि तथा मत्स्य उत्पादनहरूका लागि एस.पी.एस स्वीकृति प्राप्त गर्ने कार्यसूची तय गऱ्यो। यसको उद्देश्य निर्यात बढाउने, किसान र माछा मार्नेहरूको आम्दानी बढाउने र खाद्य प्रशोधन उद्योगलाई बलियो बनाउनु रहेको छ। सामाजिक सञ्जाल पोस्टमा, श्री गोयलले छलफल गुणस्तरीय पूर्वाधार, दिगोपन, बजार पहुँच, प्रमाणीकरण प्रणाली, र सबै सरोकारवालाको समन्वित प्रयासहरू मार्फत उच्च मूल्य प्राप्ति सुनिश्चित गर्ने कुरामा केन्द्रित रहेको जानकारी दिनुभयो।

TRAI Draft

भारतीय दूरसञ्चार नियामक प्राधिकरणले आज दूरसञ्चार उपभोक्ता गुनासो निवारण-चौथो संशोधन नियमावली, २०२६ को मस्यौदा जारी गरेको छ। सञ्चार मन्त्रालयले २०१२, २०१३ र २०१४ मा नियमावली तीन पटक संशोधन गरिएको जानकारी दिएको छ। मन्त्रालयले मस्यौदामा सरोकारवालाहरूले लिखित टिप्पणीहरू ज ून ५ सम्ममा पठाउन सकिने जानकारी दिएको छ। सञ्चार मन्त्रालयले गुनासो निवारण संयन्त्रको दक्षता, प्रभावकारिता र सञ्चालन विवरणहरू सुधार गर्न हालक ो नियमावलीमा संशोधन आवश्यक रहेको बताएको छ।

Sonawal-Hind Ocean

बन्दरगाह, ढुवानी तथा जलमार्ग मन्त्री सर्वानन्द सोनोवालले आज नयाँ दिल्लीमा दसौँ हिन्द महासागर संवादलाई सम्बोधन गर्दै, भारत हाल स्थिर स्तम्भ भएको र यसले साझा जलक्षेत्रमा तत्काल आपतकालीन सहायता र सुरक्षाको ग्यारेन्टी दिने बताउनुभयो। उहाँले अहिले भारतले सुरक्षित, समावेशी र समृद्ध हिन्द महासागर क्षेत्रलाई सक्रिय रूपमा आकार दिइरहेको अनि विकासशील देशहरूका लागि पहुँचयोग्य र भविष्यका लागि तयार समुद्री वातावरण सिर्जना गर्न यसल हिन्द महासागर रिम एसोसिएसनको अध्यक्षताको अपेक्षा गरेको बताउनुभयो।

## Skill Dev-Counsel

सीप विकास तथा उद्यमशीलता मन्त्रालय अन्तर्गतको तालिम महानिर्देशनालयले भोलि उत्तर प्रदेशको कानपुरमा उच्चस्तरीय उद्योग परामर्श बैठक आयोजना गर्नेछ। मन्त्रालयले यो भारतको वैश्विक रूपमा प्रतिस्पर्धी एयरोस्पेस सीप प्रणाली निर्माणमा महत्त्वपूर्ण कदम भएको बताएको छ। बैठकमा ३० भन्दा बढी वरिष्ठ उद्योग प्रतिनिधिहरू, प्रमुख कार्यकारी अधिकारीहरू र नीति विज्ञहरूले छलफल गर्नेछन्।

## Mandavia-JANNANI

स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले देशमा मातृ तथा बाल स्वास्थ्य सेवाहरूलाई सुदृढ पार्न जननी पहल सुरु गरेको छ। जननी डिजिटल प्लेटफर्म हो जुन गर्भावस्था अघि र पछि महिलाहरूको स्वास्थ्य रेकर्डहरूको व्यापक रूपमा निगरानी र सुधार गर्न डिजाइन गरिएको हो। मन्त्रालयले हालसम्म १ करोड ३४ लाख लाभार्थीहरू पोर्टलमा दर्ता भएको बताएको छ।

## CENSUS 2027-AWARENESS VANS

भारतका रजिस्ट्रार जनरल तथा जनगणना आयुक्तले आज नयाँ दिल्लीमा छ वटा जनगणना जागरूकता एलईडी मोबाइल भ्यानलाई झण्डा देखाएर प्रस्थान गराउनुभयो। यो पहल जनगणना २०२७ को पहिलो चरणक ा लागि राष्ट्रिय राजधानीमा जनगणना २०२७ को सार्वजनिक पहुँच अभियानको एक हिस्सा हो। गृह मन्त्रालयका अनुसार, जनगणना जागरूकता भ्यानहरू जनगणना सहभागिता, स्व-गणना सुविधा, जनगणना २०२७ क ा प्रमुख विशेषताहरू र क्षेत्र भ्रमणको क्रममा गणनाकर्ताहरूसँग सार्वजनिक सहयोगको महत्त्वसम्बन्धी सन्देशहरू बोकेर दिल्लीभरि यात्रा गर्नेछन्।

## IPL

आईपीएल क्रिकेटमा सनराइजर्स हैदराबादले प ंजाब किंग्सलाई ३३ रनले पराजित गरेको छ। पहिले ब्याटिङ गर्दै सनराइजर्स हैदराबादले निर्धारित २० ओभरमा चार विकेट गुमाउँदै २३५ रन बनाएको छ। आज लखनऊको एकाना क्रिकेट स्टेडियममा लखनऊ सुपर जायन्ट्सले रोयल च्यालेन्जर्स बैंगलोरको सामना गर्नेछ। खेल साँझ ७:३० बजेदेखि सुरु भइरहेको छ।

Commonwealth TT

२०२६ को राष्ट्रमण्डल टेबल टेनिस च्याम्पियनसिप दिल्लीमा आयोजना हुनेछ। यो प्रतियोगिता जुलाई २७ देखि अगस्ट २ सम्म त्यागराज स्टेडियममा आयोजना हुनेछ। यसमा इङ्गल्याण्ड, अष्ट्रेलिया, क्यानडा, न्यूजील्याण्ड, दक्षिण अफ्रिका, मलेसिया, सिंगापुर, स्कटल्याण्ड, वेल्स, नाइजेरिया, केन्या, जमैका र ट्रिनिडाड र टोबागो लगायत ३५ भन्दा बढी देशका खेलाडीहरूले भाग लिनेछन्। सातदिने यस प्रतियोगिताको फाइनल अगस्ट २ मा खेलिनेछ।